| रणनीति | कार्यनीति | जिम्मेवार निकाय | प्राविधिक सहयोग |
|---|---|---|---|
| ३. पुराना बगैचाको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने तथा नया बगैचा स्थापनामा सहयोग गर्ने | १. स्थापित बगैचा व्यबस्थापनका लागि गूणस्तरिय उत्पादन समाग्री तथा प्राविधिक सेवाको उपलब्धताको सुनिश्चितता गर्ने ।<br>२. साना सिंचाईमा अनुदान<br>३. जिल्लाका विभिन्न स्थानहरुमा कम्तिमा ५०० बोट लगाउने कृषक उद्यमी, समूह तथा सहकारीहरुलाई ५०% अनुदानमा बिरुवा र घेराबार तथा ८५% अनुदानमा सिंचाई पुर्वाधारमा सहयोग गर्ने ।<br>३. चक्लाबन्दीमा स्याउ खेती गर्ने कृषकहरुलाई सिंचाई संरचना निर्माणका लागि ८५% अनुदानमा लागत सहभागिता सहित बढिमा ६० लाख सम्म अनुदान दिने ।<br>४. घेराबार, बिरुवा र प्राङ्गारिक मलखादमा ५०% अनुदान दिने ।<br>५. सहुलियत ऋणका लागि बित्तिय संस्था संग सहजिकरण गरिदिने<br>६. बिमाको व्यबस्था गरिदिने | संबन्धित पालिका, कृषि विकास कार्यालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, जुम्ला | वागवानी अनुसन्धान केन्द्र, राजीकोट |
| ४. उच्च घनत्वको बगैचा स्थापना गर्ने | १. स्याउका उन्नत जातहरु गाला, फुजीका बिरुवामा ५०% अनुदान<br>२. कम्तिमा ५०० बोट लगाएका बगैचाको घेराबारमा ५०% अनुदान<br>३. सिचाई संरचना निर्माणमा ८५% अनुदान<br>४. प्राविधिक सहयोग | संबन्धित पालिका, कृषि विकास कार्यालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, जुम्ला | फलफूल विकास केन्द्र, कीर्तिपुर वागवानी अनुसन्धान केन्द्र, राजीकोट |
| ५. अर्गानिक प्रमाणीकरण गर्ने | १. तिनै तहले क्षेत्र बाँडफाँड गरि अर्गानिक प्रमाणीकरणको कार्य शूरुवात गर्ने<br>२. ५ बर्ष भित्रमा जिल्लाभरको स्याउ अर्गानिक प्रमाणीकरण गरि व्यवसायलाई नाफामूलक बनाउने<br>३. स्याउको प्रमाणिकरण तथा ब्राण्ड प्रबर्द्धन गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा बजारिकरण गर्ने | संबन्धित पालिका, कृषि विकास कार्यालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, जुम्ला | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, जुम्ला । प्रमाणीकरण गर्ने अन्तराष्ट्रिय निकायहरु |
| ६. उत्पादित बस्तुको समूचित भण्डारण, प्रशोधन तथा मूल्य अभिबृद्धि गरि प्रतिफल यथोचित रुपमा बढाउने । | १. एक द्धार बजारिकरणका लागि जिल्ला स्याउ व्यावसायी संघ गठन गरि उक्त संस्था मार्फत बजारिकरणको सुनिश्चितता गराउने ।<br>२. संभावनाका आधारमा स्याउ भण्डार गृह सेलार स्टोर पूर्वाधार निर्माणमा अनुदान सहयोग<br>३. शीत भण्डार स्थापनाका लागि आवश्यक मेशिनरी सहयोगमा अनुदान<br>४. लेबलिङ, प्याकेजिङमा अनुदान<br>५. पोष्ट हार्भेष्ट सेन्टर निर्माणमा अनुदान सहयोग | संबन्धित पालिका, कृषि कृषि विकास कार्यालय, प्रधानमन्त्री कृषि आधुनिकी करण परियोजना, जुम्ला | कृषि पुर्वाधार तथा बजार विकास केन्द्र |

## निष्कर्ष

नेपालको पहिलो प्रांगारिक जिल्ला घोषित जुम्ला पछिल्ला वर्षमा साँच्चिकै स्याउ क्षेत्रमा रुपमा विकास हुँदै गएको छ। नेपालका अन्य बजारमा तेब्बर मूल्यमा खरिदबिक्री हुने जुम्ली स्याउ जुम्लामा पुग्नेहरु रु ४०/५० मै प्राप्त गर्छन् । चालु आर्थिक बर्षको मंसिर महिनासम्म करीब ३४ करोडको कारोबार भएको स्याउ प्रस्तावित कार्यक्रमहरु अनुसार कार्यक्रम सबै तहबाट कार्यान्वयनमा आएमा ५ बर्ष भित्र सजिलै १ अर्वको कारोबार नजिग पुगिनेमा निश्चित छ यसले एकातिर बद्दै गएको व्यापार घाटालाई न्यूनिकरणमा सहयोग पुऱ्याउछ भने कृषकहरुको आम्दानीमा झण्डै दोब्बरले बृद्धि हुने छ। बिश्व बजारमा ओखरको माग अत्याधिक छ। नेपाली बजारमा ओखर प्रति किलो ६००–१५०० सम्ममा बिक्री हुन्छ । ओखर चाडै नबिग्रने हुँदा यसलाई लामो समयसम्म पनि भन्डारण गरेर राख्न सकिन्छ । यो बिरुवा धेरै बर्षसम्म बाचिरहने हुँदा पछिल्लो पुस्तासम्मको लागि पनि आम्दानीको राम्रो श्रोत बन्छ। माथी उल्लेख गरिए अनुसारका रणनीति र कार्यनीति अनुसार स्थानीय तह, प्रदेश र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कार्यक्रम तर्जुमा र कार्यान्वयनमा दोहोरोपना नआउने गरि कार्य गर्ने हो भने जुम्लाका कृषकहरुको जिवनस्तर सुधारमा धेरै समय कुर्नु नपर्ला भन्दा अत्युक्ति नहोला। समन्वय, सहअस्तित्व र सहकारिताको भावना बिपरित गएर आ–आफ्नो सुरमा कार्य संचालन गर्ने हो भने कृषि क्षेत्रको रुपान्तरण कल्पना समेत गर्न सकिदैन अतः उल्लेखित रणनीति र कार्यनीति अनुसार अगाडी बढ्नुनै कृषकहरु र समग्र जुम्लाको अर्थतन्त्रका लागि हितकर हुने छ।

**थप जानकारीको लागि सम्पर्कः**

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

**परियोजना कार्यान्वयन इकाई, जुम्ला**

email: pmamp.piu.jumla@gmail.com

फोन नं. ०८७–५२०६६६

# स्याउ र ओखरको आधुनिकीकरण र व्यावसायिकरणका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, स्याउ (सुपरजोन, जुम्लाले तय गरेको गन्तब्य



**नेपाल सरकार**

**कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय**

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

**परियोजना कार्यान्वयन इकाई, जुम्ला**

**२०७६/०७७**

## पृष्ठभूमी

कुल ग्रार्हस्थ्य उत्पादनमा २७ प्रतिशत योगदान रहेको र ६०.४ प्रतिशत जनसंख्या आवद्ध भएको कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने मूल आधार हो। उच्च र समावेशी आर्थिक बृद्धिमा योगदान पुर्याउने क्षेत्र भएकोले यसको वैज्ञानिक ढङ्गले सुधार तथा रुपान्तरण गर्ने बिगतका प्रयासलाई सघन बनाई उत्पादन र उत्पादकत्वमा बृद्धि गर्नु पर्ने हुन्छ। नेपालको संबिधान ले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ ।

यसै सन्दर्भमा विभिन्न कारणले उत्पन्न हुन सक्ने खाद्य तथा पोषण संकटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछामासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधारको आवश्यकता छ। देशलाई खाद्य सम्प्रभु तुल्याउन र स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा उल्लेख्य मात्रामा तिनै तहको सरकारबाट लगानी बढाउन आवश्यक छ। नेपालको संबिधानका अधिकारका सूची, कृषि क्षेत्रको समग्र विकासका लागि मार्ग चित्रका रुपमा रहेको कृषि विकास रणनीति सन् २०१५ (२०३५), पन्धौं योजना र दिगो विकास लक्ष्यलाई मार्गदर्शनका रुपमा लिईएको छ । उक्त रणनीतिले कृषिजन्य उत्पादनको व्यावसायिकरण, यान्त्रिकीकरण र विविधिकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएको छ। यसैगरी दिगो विकास लक्ष्यले लिएको भोकभरिको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्ने तथा दिगो कृषिको प्रबर्द्धन गर्ने लक्ष्य हासिल गर्ने गरी यस क्षेत्रमा श्रोत र साधनको परिचालन संबन्धित तहहरुबाट गर्नु पर्ने छ। बिशेषत कृषि क्षेत्रको औद्योगीकिकरणका माध्यमबाट थप रोजगारी सृजना गरी आय–आर्जन, गरिबी निवारण तथा आयात व्यवस्थापनलाई समेत संबोधन गर्न आवश्यक छ। संघ, प्रदेश र स्थानीय तहको लगानीलाई कृषि क्षेत्रको समग्र विकासमा परिचालन गर्नु आजको आवश्यकता हो।

पन्धौं पञ्च बर्षिय योजना २०७६/७७ (२०८०/८१) ले समेत अगाडि सारेका १८ वटा रुपान्तरणकारी परियोजनाहरु मध्ये प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई समेत राखेको हुँदा निर्धारित गरेका लक्ष्य र उदेश्य प्राप्तिका लागि सोही बमोजिमका कार्यक्रमहरुको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गर्नु हामी सबैको दायित्व हो । उल्लेखित सबै मार्गदर्शनहरु, नीति तथा कार्यक्रमहरुलाई मध्यनजर गर्दै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, स्याउ सुपरजोन जुम्लाले बिगत आ.व. २०७३/७४ देखि स्याउमा आधुनिकीकरणका कार्यक्रमहरु संचालन गरिरहेको छ भने कृषकहरुको बढ्दो माग, अठोट, प्रतिज्ञा र दृढतालाई समट्ने गरी आगामी आ.व २०७७/७८ देखि ओखरमा समेत आधुनिकीकरण र व्यावसायिकरणका कार्यक्रमहरु संचालन गर्ने लक्ष्य राखेको छ।

## जुम्लाका कृषकहरुको आकर्षणमा स्याउ र ओखर

नेपालका ४९ वटा जिल्लामा करीब १२०१६ हेक्टरमा स्याउ खेती भैरहेको छ भने उत्पादनशिल क्षेत्रफल ५६०० हेक्टरमा मात्र रहेको छ। हाल स्याउको उत्पादन करीब ४३५०२ मे.टन छ। राष्ट्रिय खपत करीब १०७००० मे टन देखिन्छ। आयात ६६००७ मे टन छ। औषतमा बार्षिक ५ अर्वको भन्दा बढी स्याउ आयात हुने गरेको छ। उत्पादन र क्षेत्रफलका हिसावले जुम्ला प्रथम स्थानमा पर्दछ। कृषि गणना २०६८ को नतिजा अनुसार जुम्लामा ९२ प्रतिशत कृषक परिवार रहेका छन्। जुम्ला जिल्लामा १७ हजार ७७४ कृषक परिवार छन। जिल्लाको कुल स्याउको क्षेत्रफल ३७०० हेक्टर छ भने फल्ने स्याउको क्षेत्रफल करीब १४८० हेक्टर छ। स्याउको उत्पादकत्व ८.२५ मे.टन प्रति हेक्टर छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, जुम्लाको २०७७ मंसिरमा प्रकाशन गरेको तथ्याङ्क अनुसार यो बर्ष १२२१० मे. टन स्याउ उत्पादन भएकोमा जम्मा ८५४७ मे. टन स्याउको कारोबार भएको थियो जसबाट ३४ करोड १८ लाख ८० हजारको कारोबार भएको देखिन्छ। स्याउ संगै ओखरप्रति पनि हरेकको आकर्षण बढेको छ। प्रोटिनको मात्रा अत्यधिक पाईने जुम्लाको ओखरको चर्चा सबैले गर्न थालेका छन् । मस्तिष्क वृद्धिमा सघाउने ओखरको महत्व बुझ्नेहरुले जुम्लामा प्रतिदाना रु पाँच देखि सात हालेर खरीद गर्ने गरेका छन्। जुम्ला पुगेर फर्कने सबैले आफूलाई खाने वा कोसेलीका रुपमा अरुलाई दिन स्याउ र ओखर साथमा लिएर फर्कने गरेका छन्। परियोजनाका अनुसार हाल जिल्लाभर बगैचाको रुपमा नभई छरिएर रहेका बोटहरुको अनुमान गर्दा करीब १५० हेक्टरमा ओखर खेती रहेको छ भने उत्पादन करीब १५ मेट्रिक टन छ। एक बोटबाट २००० देखि १०००० दाना फल्ने र प्रति दाना रु ५ मा बेच्दा १०००० देखि ५०००० सम्म आम्दानी गर्न सक्ने अवस्था रहेको कारण पनि कृषकहरु बढि नै आकार्षित भएको अवस्था छ । नेपालमा आ.व. ०७५/७६ मा ३ लाख ९९ हजार एक सय ३७ केजी ओखर आयात भएको देखिन्छ । ९ करोड ४ लाख ७१ हजार ८ सय १६ रुपैयाँ मूल्य बराबरको ओखर आयात भएको छ भने चालु आ.व. जुम्लाबाट करीब ७० लाखको ओखरको कारोबार भएको अवस्था छ । यदि ५०० हेक्टर क्षेत्रफलमा ओखर लगाउन सक्ने हो भने कम्तिमा ३०० मे. टन उत्पादन लिई २० करोडसम्म आम्दानी गर्न सकिन्छ। नेपालमा व्यावसायिक रूपमा ओखरको खेती नभएको र माग बढ्दै जाँदा आयात पनि निरन्तर बढ्दै गएको अवस्था छ। नेपालमा उत्पादन हुने हाँडे ओखरभन्दा फुटाउन सजिलो र स्वादिलो पनि भएका कारण माग बढ्दै गएको हो । प्राविधिक रुपमा गूणस्तरीय र स्वादिलो दाँते ओखर जुम्ला जिल्लामा सहजै फलाउन सकिन्छ, त्यसैले जुम्लाका कृषकहरुको ओखर खेती तर्फको मोह बढेको अवस्था छ।

## प्रमुख समस्या

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, जुम्लाले गरेको अध्ययन अनुसार स्याउ र ओखरको उत्पादकत्व बृद्धि गर्न अपरिहार्य श्रोत साधन र सामाग्रीहरु जस्तै गूणस्तरिय बिरुवा र प्राङ्गारिक मलखादको न्यून उपलब्धता, आवश्यक भौतिक पूर्वाधारहरु जस्तै सिंचाई, बगैचा घेरावार, बजार व्यबस्थापन, शीत भण्डार, बिजुली आदिको अपर्याप्तता मूल समस्याका रुपमा देखिएका छन । त्यसैगरी अधिकांस कृषकहरुलाई तालीम तथा काँटछाट, मलखाद र रोगकीरा व्यबस्थापन सम्बन्धी प्राविधिक जानकारीको कमि हुँदा एकातिर उत्पादकत्व कम र अर्कोतिर स्याउको गुणस्तरमा समेत ह्रास आएको छ।

## रणनीति तथा कार्यनीति

पहिचान भएका समस्या समाधान गर्न सकेमा पक्कै पनि स्याउ र ओखरको उत्पादन र उत्पादकत्व बृद्धि गर्दै कृषकहरुले कृषिलाई एक पेसाको रुपमा नलिई एक व्यवसायको रुपमा लिनेछन् र युवाहरुको रोजाईमा पनि कृषि व्यावसाय पर्ने छ, जसका लागि आगामी दिनमा स्थानीय तह, कृषि विकास कार्यालय र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाईले तय भएका रणनीति तथा कार्यनिती अनुसारका आ–आफ्ना बजेट तथा कार्यक्रम केन्द्रित गर्नु पर्ने हुन्छ। संघ, प्रदेश स्थानीय तह र सम्बन्धित सरोकारवालाहरु संगको समन्वय तथा सहकार्यमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, जुम्लाले समृद्ध जुम्ला र सुखी कृषकको लक्ष्य प्राप्तिका लागि तपसील अनुसारका रणनीति र कार्यनीति तय गरेको छ।

| रणनीति | कार्यनीति | जिम्मेवार निकाय | प्राविधिक सहयोग |
|---|---|---|---|
| १. हरित अर्थतन्त्र विकास अथवा हरित सडक निर्माण | १. नाग्मा देखि खलङ्गा सम्मको सडकबाट दाया र बायाका संभावित क्षेत्रका स्याउ र ओखरका बिरुवा लगाउने।<br>२. ५०० भन्दा बढी बिरुवा एकै कलस्टरमा लगाउने उद्यमि, समूह सहकारी लाई घेरावार, सिंचाई र गूणस्तरीय बिरुवा अनुदानमा उपलब्ध गराउने। | संबन्धित पालिका, कृषि विकास कार्यालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, जुम्ला | वागवानी अनुसन्धान केन्द्र, राजीकोट, जुम्ला |
| २. श्रोत केन्द्र स्थापनामा सहयोग गर्ने | १. स्याउ र ओखरका कम्तिमा १० वटा उच्च गूणस्तरका नर्सरी स्थापना गर्ने<br>२. नर्सरीका लागि आवश्यक पूर्वाधार सहयोगमा अनुदान<br>३. नर्सरीहरुको गुणस्तर नियमन प्रणाली स्थापित गरी मापदण्ड नपुगेका नर्सरीहरुबाट बिरुवा खरिद नगर्ने। | संबन्धित पालिका, कृषि विकास कार्यालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, जुम्ला | फलफूल विकास केन्द्र, कीर्तिपुर वागवानी अनुसन्धान केन्द्र, राजीकोटले प्राबिधिक सहयोग तथा माउबोट उपलब्ध गराउने |